आदरणीय कलम्बस सिटी स्कूल्स परिवारहरू,

आजकल अभिभावक र संरक्षकहरूको पक्षबाट धेरै कुराहरू छन्, र ढिलो आइदिने बसहरू पर्खनु परेकाले निराशाजनक भन्दा बढी पीढा हुन सक्छ। एउटा अभिभावकको रूपमा, म बुझ्छु र विगत केही महिनाहरूमा तपाँईहरूमध्ये धेरैले सहे जस्तै चिन्ताहरू सहन गरेको छु। म तपाँईहरूलाई थहा दिन चहान्छु कि हामीले बसहरू ढिलो हुँदाकालागि सञ्चार र सूचनाहरूका बारेमा तपाँईका कलहरू र गुनासो-चिन्ताहरू सुनेका छौं। हामी यसलाई अझ राम्रो बनाउन केहि परिवर्तन गर्दैछौं।

नवेम्बर १ तारिका दिन, कलम्बस सिटी स्कूल्सले यातायातबारे जानकारी पहुँच गर्न सजिलो बनाउनलाई र हाम्रो यातायात टोलीबाट तपाँईहरुलाई समयमै अद्यावधिहरू दिन कलम्बस सिटी स्कूल्सको किन्डरगार्टेनदेखि कक्षा १२ सम्मको बस सवारी (माइ राइड के-१२/My Ride K-12) प्रस्तुत गर्दैछ। तपाँईहरुले यो नयाँ सूचना प्रणाली आफ्नो स्मार्टफोन वा कम्प्युटरमा, एप वा वेबसाइटमार्फत प्रयोग गर्न सक्नुहुन्छ।

प्रत्येक परिवार आफ्ना बच्चाको यातायातका बारेमा स्पष्ट, समयमै जानकारी पाउन हकदारी छ, विशेष गरी जतिखेर बस ढिलो आइदिनाले उनीहरूलाई सुरक्षित रूपमा घर पुग्नलाई असर गर्न सक्छ। हामीलाई विश्वास छ कि यो नयाँ प्रणालीले आवश्यक पर्दा तपाँईलाई आवश्यक जानकारी दिनलाई धेरै राम्रो हुनेछ।

माइ राइड के-१२ (My Ride K-12) एप र वेबसाइटमार्फत परिवारहरूले आफ्ना बच्चाको यातायात विवरणहरू बुझ्न सक्छन् र स्कूल बस रुट ढिलाई भए, परिवर्तनहरू र तालिका अद्यावधिहरूका बारेमा आफ्ना मोबाइल उपकरणहरूमा टेक्सट म्यासेज वा पाठ सूचनाहरू पाउन सक्छन्। यो जानकारी एकै ठाउँमा राख्नाले तपाँईलाई आफ्नो दिनको योजना बनाउन र परिवर्तनहरू हुँदा सूचित रहन मद्दत गर्नेछ।

माइ राइड के-१२ (My Ride K-12) ले जानकारी पहुँच गर्न सजिलो बनाउँछ र परिवारहरूलाई उनीहरूको विद्यार्थीले बसमा चढ्दा र बसबाट ओर्लिँदा आफ्नो विद्यार्थी सफलता कार्ड स्वाइप गर्दा परिवारहरूलाई सचेत गराएर उनीहरूको बच्चाको बस पिक-अप र ड्रप-अफ समयको स्पष्ट सुचना दिन्छ। यो नयाँ प्रणालीले हाम्रो यातायात विभागकालाई बढि जवाफदेहिता र पारदर्शिताकालागि पनि सहयोग गर्दछ।

हाम्रो कलम्बस सिटी स्कूल्समा स्कूल बस चढेर स्कूल जान र स्कूलबाट घर आउन प्रत्येक बच्चाकालागि सुरक्षा दिनु हाम्रो सर्वोच्च प्राथमिकता रहँदा, हाम्रो सञ्चार र सेवा स्तर सुधार गर्नु पनि धेरै महत्त्वपूर्ण छ। हामी विश्वास गर्छौं कि माइ राइड के-१२ (My Ride K-12) उपयोगी हुनेछ, हाम्रो यातायात टोलीले प्रश्नहरूको जवाफ दिन र गुनासोहरू समाधान गर्नलाई मद्दत गर्न 614-365-5074 मा उपलब्ध रहन्छ।

हामीले नयाँ प्रणाली लागू गर्दा तपाँईको पृष्टपोषणको कदर गरिन्छ र समयसँगै प्रणाली सुधार गर्न हामीलाई मद्दत गर्नेछ। कृपया हामीलाई कुनै पनि प्रश्न वा गुनासाहरु पठाउन नहिचकिचाउनुहोस्; यस्तो जानकारीले हाम्रा सबै विद्यार्थी र परिवारहरूको अनुभव सुधार गर्न मद्दत गर्दछ।

आफ्नो खाता (एकाउन्ट) सृजना गर्न, त्यसमा आफ्ना बच्चाको नाम जोड्न र टेक्स्ट म्यासेज (SMS) सूचनाहरू सकृय गर्न कृपया तल दिइएको मार्गनिर्देशिका प्रयोग गर्नुहोस्। तपाँईको सहकार्यकालागि र तपाँईका बच्चाको विद्यालय आउने-जाने यात्रा सुरक्षित होस् भन्ने कुरा सुनिश्चित गर्न कलम्बस सिटी स्कुल माथि विश्वास गर्नुभएकोमा धन्यवाद।

भवदीय,

डा. एन्जेला च्यापम्यान
सुपरिन्टेन्डेन्ट / प्रमुख कार्यकारी अधिकृत (CEO), कलम्बस सिटी स्कुल्स

कलम्बस सिटी स्कुल्स
परिवारकालागि प्रयोगकर्ता निर्देशिका
यातायात सेवाबारे जानकारी, समयतालिका र सूचनाहरू प्राप्त गर्न तपाँईकालागि मार्गदर्शिका।

तपाँईले सुरु गर्नु अघि

निम्न कुराहरू तयार राख्नुहोस्:

१. एउटा सक्रिय इमेल ठेगाना।
२. इन्टर्नेट सुविधा भएको एउटा स्मार्टफोन, ट्याब्लेट वा कम्प्युटर।
३. कलम्बस सिटी स्कूल्सको किन्डरगार्टेनदेखि कक्षा १२ सम्मको बस सवारी (माइ राइड के-१२/My Ride K-12) सेटअप निर्देशनहरूमा उल्लेख गरिए अनुसार विद्यार्थीको पहिचान सम्बन्धी जानकारी।

आफ्ना लग्-इन् विवरणहरू (login credentials) र आफ्ना बच्चाको पहिचान सम्बन्धी जानकारी गोप्य राख्नुहोस्।

माई राइड के-१२ (My Ride K-12) कालागि पहुँच

- ➔ **एउटा मोबाइल उपकरणमा:** एप्पल एप स्टोर (Apple App Store) वा गुगल प्ले स्टोर (Google Play Store) मा **माइ राइड के-१२ (My Ride K-12)** खोज्नुहोस् र यस एपलाई डाउनलोड गर्नुहोस्।
- ➔ **एउटा कम्प्युटरमा:** सि सि एस (CCS) द्वारा पठाइएका जानकारीमूलक सन्देशहरूमा उपलब्ध गराइएको माइ राइड के-१२ (My Ride K-12) वेबसाइट लिङ्क प्रयोग गर्नुहोस्।

१. आफ्नो खाता (एकाउन्ट) श्रृजना गर्नुहोस्
   - माइ राइड के-१२ (My Ride K-12) खोल्नुहोस् र **'साइन अप' (Sign Up)** छान्नुहोस्।
   - आफ्नो इमेल ठेगाना, नाम र पासवर्ड लगाउनुहोस्।
     - **गिभन नेम** (Given Name) भन्नाले तपाँईको पहिलो नाम बुझिन्छ।
     - **फ्यामिली नेम** (Family Name) भन्नाले तपाँईको थर (अन्तिम नाम) बुझिन्छ।

१. खाता (एकाउन्ट) पुष्टि गर्ने सन्देशकालागि आफ्नो इमेलमा हेर्नुहोस्।
२. आफ्नो खाता (एकाउन्ट) सक्रिय गर्न पुष्टि गर्ने लिङ्कलाई छनौंट गर्नुहोस्।
३. माइ राइड के-१२ (My Ride K-12) मा फर्कनुहोस् र साइन इन गर्नुहोस्।

यदि तपाँईले पुष्टि गर्ने इमेल प्राप्त गर्नुभएन भने, आफ्नो 'स्पाम' (spam) वा 'जंक' (junk) फोल्डरमा पनि हेर्नुहोस् र तपाँईले आफ्नो इमेल ठेगाना सही रूपमा लेख्नु भएको छ कि छैन भनी यकिन पनि गर्नुहोस्।

१. कलम्बस सिटी स्कुल्सलाई छान्नुहोस्
   जिल्ला (डिस्ट्रिक्ट) छनौट गर्न प्रेरित गर्दा, **कलम्बस सिटी स्कूल्स** खोज्नुहोस् र कलम्बस सिटी स्कुल्स (CCS) सेटअप निर्देशनहरूमा पहिचान गरिएको जिल्लालाई छनौंट गर्नुहोस्।
२. आफ्नो अर्को बच्चाको नाम थप्नुहोस्
   विद्यार्थी थप भन्नेलाई छनौंट गर्नुहोस्।
   कलम्बस सिटी स्कुल्सद्वारा उपलब्ध गराइएको जानकारी प्रयोग गरी, स्क्रिनमा मागिएका विद्यार्थीको पहिचानसम्बन्धी विवरणहरू लेख्नुहोस्।
   आफ्नो बच्चालाई खोज्न र थप्नकालागि स्क्रिनमा दिइएका निर्देशनहरूको पालना गर्नुहोस्।
   विद्यार्थीको जानकारी सही छ भनी पुष्टि गर्नुहोस्।
   प्रत्येक बालबालिकाकालागि पनि यी चरणहरू दोहोऱ्याउनुहोस्।

यदि तपाँईले आवश्यक पहिचान जानकारी फेला पार्न सक्नुभएन वा प्रणालीले तपाँईको बच्चालाई पत्ता लगाउन सकेन भने, थप सहयोगकालागि कलम्बस सिटी स्कुल्सको यातयात सेवालाई सम्पर्क गर्नुहोस्।

यातायात विवरणहरूको समीक्षा गर्नुहोस्

तपाँईको खाता एकाउन्ट) मा उपलब्ध यातायात सेवाको जानकारी समीक्षा गर्न आफ्नो बच्चाको नाम छनौंट गर्नुहोस्। जिल्लाको कन्फिगरेसनमा निर्भर गर्दै, यसमा निम्न समावेश हुन सक्छन्:

- निर्धारित रुट नम्बर।
- निर्धारित पिकअप र ड्रप-अफ स्टपहरू।
- निर्धारित पिकअप र ड्रप-अफ समय।
- रूट (मार्ग) सञ्चालन हुने दिनहरू।
- यातायातसम्बन्धी सूचनाहरू र तालिकामा हुने परिवर्तनहरू।

बिहान र दिउँसोको कार्य (असाइनमेन्ट)हरू सहित प्रत्येक बच्चाको उपलब्ध जानकारीको समीक्षा गर्नुहोस्। यदि कुनै कुरा गलत जस्तो देखिएमा, कलम्बस सिटी स्कुल्सको यातयात सेवालाई सम्पर्क गर्नुहोस्।

ट्राफिक, मौसम वा अन्य सञ्चालन अवस्थाहरूका कारण यातायात सेवाको समय परिवर्तन हुन सक्छ। तपाँईको बच्चा तोकिएको स्थान (स्टप)मा कहिले तयार भएर बस्नुपर्छ भन्नेबारे कलम्बस सिटी स्कुल्सको निर्देशनलाई पालना गर्नुहोस्।

सूचनाहरूलाई सक्रिय राख्नुहोस्

एपमा सूचनाहरू प्रोम्प्ट हुदा अनुमति दिनुहोस्।

यो सेटिङ पछि जाँच गर्न:

१. आफ्नो फोनको **सेटिङहरू** खोल्नुहोस्।
२. आफ्नो एप वा सूचना सेटिङहरू अन्तर्गत **माइ राइड के-१२ (My Ride K-12)** खोज्नुहोस्।
३. सूचनाहरूलाई टन अन गर्नुहोस्।
४. तपाँईले रोज्नुभएका अलर्ट विकल्पहरू सक्रिय छन् भनी सुनिश्चित गर्नुहोस्।

सूचनाहरू सक्षम पार्नाले तपाँईको उपकरणमा प्रणालीमार्फत पठाइएका यातायात सेवा सम्बन्धी सतर्कताहरू देखा पर्न सक्छन्। जिल्लाबाट प्राप्त सन्देशहरू र अद्यावधिहरूकालागि एपमा हेर्नुहोस्।
प्रायः सोधिने प्रश्नहरू

के मलाई स्मार्टफोन चाहिन्छ?

चाहिदैन। माइ राइड के-१२ (My Ride K-12) मा वेबसाइटमार्फत पनि पहुँच प्राप्त गर्न सकिन्छ। कलम्बस सिटी स्कुल्सद्वारा उपलब्ध गराइएको वेबसाइट लिङ्क प्रयोग गर्नुहोस्।

के मलाई इन्टरनेट पहुँच चाहिन्छ?

चाहिन्छ। अद्यावधित जानकारी प्राप्त गर्न र एपका सूचनाहरू (नोटिफिकेसनहरू) पाउनकालागि सक्रिय वाइ-फाइ (Wi-Fi) वा मोबाइल डेटा जडान भएको हुन आवश्यक पर्छ।

के, चार्टर र गैर-सार्वजनिक स्कूलका विद्यार्थीहरूका परिवारहरूले स्वाइप-अन र स्वाइप-अफ सूचनाहरू प्राप्त गर्नेछन्?
अहिलेकालागि भने यस्तो हुनेछैन। विद्यार्थीले बसमा चढ्दा वा ओर्लँदा प्राप्त हुने सूचनाहरू हाल 'कलम्बस सिटी स्कुल्सका बसहरू प्रयोग गर्ने कलम्बस सिटी स्कुल्सका विद्यार्थीहरूकालागि मात्र उपलब्ध छ।

चार्टर र गैर-सार्वजनिक स्कूलका विद्यार्थीहरूलाई सेवा दिने बसहरूमा हाल यस्ता सूचनाहरू उपलब्ध गराउन आवश्यक पर्ने ट्याब्लेट उपकरणहरू छैनन्। यद्यपि, परिवारहरूले आफ्नो बस आइपुग्ने र छुट्ने अनुमानित समय हेर्न माइ राइड के-१२ (My Ride K-12) को प्रयोग गर्न भने सक्छन्।

के, म एकभन्दा बढी बालबालिका थप्न सक्छु?
सक्नुहुन्छ। प्रत्येक बालबालिकाकालागि **विद्यार्थी थप्ने (Add Student)** प्रक्रियाबाट पूरा गर्नुहोस्, त्यसपछि कुनै एक बालबालिकाको नाम छनौंट गरेर उनीहरूको विवरण हेर्नुहोस्।

के मैले एप पुनर्स्थापित (रिफ्रेस) गर्नुपर्छ?
एप स्वतः अद्यावधि हुन्छ। यदि जानकारी पुरानो वा अद्यावधित नभएको जस्तो देखिएमा, आफ्नो इन्टरनेट जडान भएको छ छैन जाँच गर्नुहोस्, अनि एप बन्द गरेर पुनः खोल्नुहोस्।

यदि मेरो बच्चाको यातायात सेवा सम्बन्धी जानकारी गलत भएमा के गर्ने?
कलम्बस सिटी स्कुल्स (CCS) को यातयात सेवालाई सम्पर्क गर्नुहोस्। कर्मचारीहरूले तपाँईलाई सहयोग पुर्याउनकालागि आफ्नो बच्चाको नाम, विद्यार्थी परिचयपत्र (स्टुडेन्ट आईडी), विद्यालय र समस्याको विवरण तयारी राख्नुहोस्।

यदि मलाई इन्फिनिट क्याम्पस प्यारेन्ट पोर्टलकालागि मद्दत चाहिन्छ भने के गर्नु पर्छ?
प्यारेन्ट पोर्टलको साइन-इन पृष्ठमा उपलब्ध खाताको पुन:प्राप्ति (account recovery) विकल्पहरूलाई प्रयोग गर्नुहोस् वा कलम्बस सिटी स्कुल्स (CCS) प्यारेन्ट पोर्टलमा सहयोग टोलीलाई सम्पर्क गर्नुहोस्। माइ राइड के-१२ (My Ride K-12) र इन्फिनिट क्याम्पस अलग-अलग प्रणालीहरू हुन्; त्यसकारण तपाँईले प्रयोग गरिरहनुभएको प्रणालीकालागि दिइएका साइन-इन (लग-इन) निर्देशनहरूको पालना गर्नुहोस्।
सहयोग चाहिन्छ?

कलम्बस सिटी स्कुल्सको यातायातसेवा
यातायातसेवा सम्बन्धी कार्यहरू, समयतालिका, गलत जानकारी, वा किन्डरगार्टेनदेखि कक्षा १२ सम्मका विद्यार्थीहरूकालागि माइ राइड के-१२ (My Ride K-12) मा आफ्नो बच्चालाई जोड्न सहयोग चाहिएमा निम्न फोन नम्बरमा सम्पर्क गर्नुहोस्:
614-365-5074

कलम्बस सिटी स्कुल्स प्यारेन्ट पोर्टलमा सहयोग
इन्फिनिट क्याम्पस खाता (एकाउन्ट) मा पहुँच पाउन निम्न फोन नम्बरमा सम्पर्क गर्नुहोस्:
380-997-7245
parentportal@columbus.k12.oh.us
सहयोग माग्दा, समस्याबारे स्पष्ट रूपमा बताउनुहोस्। आफ्नो पासवर्ड कहिल्यै कसैसँग पनि साझा नगर्नुहोस्।